10/10/22

# एनएच १० को सोचनीय अवस्थाले जनजीवन अस्तव्यस्त



**गान्तोक, १० अक्टोबर।** गत केही दिनदेखि परिरहेको पानीले जनजीवन अस्त व्यस्त बनाएको छ। अविरल वर्षाका कारण विभिन्न ठाउँमा पैह्रो गएको छ। पैह्रोले विशेष रूपमा राज्यका सडक मार्गहरूलाई निकै क्षति पुऱ्याएको छ। राष्ट्रिय राजमार्ग १० सहित केही अन्य मार्गहरूमा पनि यातायात अवरूद्ध बनेको छ।

वर्षाले राष्ट्रिय राजमार्ग १० सर्वाधिक प्रभावित बनेको छ। पहिलेदेखि सोचनीय अवस्थामा रहेको राष्ट्रिय राजमार्ग १० को स्थिति अझ गम्भीर बनेको छ। सिक्किमलाई देशसँग जोड्ने एकमात्र राष्ट्रिय राजमार्ग १० अन्तर्गत पश्चिम बंगाल र सिक्किम दुवैतिर विभिन्न ठाउँहरूमा पैह्रो गएका छन्। यस कारण वाहनहरूको आवागमन धेरै प्रभावित बनेको छ।

मानिसहरूले राष्ट्रिय राजमार्ग भएर यात्रा गर्नुभन्दा पहिला एकपल्ट सोच्नुपर्ने स्थिति छ। पैह्रोका कारण यातायात अवरूद्ध बनेपछि मानिसहरू घण्टौं जाममा फसेर बस्न बाध्य छन्। एक-डेढ घण्टाको यात्रा गर्न घण्टौं समय लाग्ने गरेको छ। पैह्रो गएका ठाउँहरूमा वान-वे माध्यमद्वारा वाहनहरूको आवागमन सुनिश्चित गरिँदैछ। राष्ट्रिय राजमार्ग १०-को सोचनीय अवस्थाका कारण राज्यको पर्यटन क्षेत्र पनि प्रभावित बनेको छ। अधिकांश पर्यटकहरू यही मार्ग भएर सिक्किम आवागमन गर्ने गर्छन्। तर, पैह्रोले यातायात अवरूद्ध बनेपछि राज्यको पर्यटनमाथि पनि नकारात्मक प्रभाव पर्न थालेको छ।

Sikkim Express 10/10/22



# Rangpo-Singtam highway opens for one-way traffic

SANJAY AGARWAL



**RANGPO, October 9:** The Rangpo-Singtam stretch of NH10 was reopened for one-way traffic on Sunday after being closed due to landslides triggered by heavy rainfall at 19th Mile and 20th Mile.

The road was blocked for 20 hours since Saturday evening following the landslides. Because of the heavy rain and active slides, road restoration work could not be carried out immediately.

After staying in jam for hours, vehicles had to take a detour via the alternate route of Rangpo-Duga-Pendam, and Rangpo-Rorathang-Pakyong for people visiting Gangtok as the highway was blocked at 4th Mile as well.

The one-way traffic resumed today at 2 pm with serpentine jams on both sides of the landslide, so the families returning home after celebrating Dasain had to face a lot of problems.

If it rains continuously, there is a possibility of road blockage again. The men and machines are working to clear the highway of the debris and shooting stones, which pose a grave danger to the lives of the people.



# राज्यमा अविरल वर्षाका कारण मानिसहरू समस्यामा

**रम्फू, ९ अक्टोबर।** २० घण्टापश्चात राष्ट्रिय राजमार्ग १० एकतर्फे वाहनहरूको निम्ति खुल्ला भए पनि दिनभरि नै भारी जामको स्थिति बनिरह्यो भने दशैं मनाएर रमाउँदै घर फर्किरहेका परिवारहरुले भने बाटोको कारण धेरै समस्याको सामना गर्नुपर्‍यो। समाचारअनुसार हिजो बेलुकीदेखि नै भरी पानी परिरहेकोले सिङताम नजिक १९ माइल र २० माइलमा राती ७ बजे ठूलो पैह्रो गयो जसको कारण राजमार्ग पूर्ण रूपमा ठप्प भयो। सम्बन्धित विभागले सफाई गर्ने प्रयास गरे तापनि पैह्रो भने नारोकिएकोले सफा गर्न असम्भव बन्यो। वाहनहरू वैकल्पिक मार्ग रम्फू-डुगा-पाण्डम-सिङताम भएर आवत जावत गर्न बाध्य बने भने धेरै नै वाहनहरु रम्फू-कुम्रेक-रोडाथाङ-पाकिम भएर आफ्नो गन्तव्य पूरा गरेको पनि देखियो। तर ४ माइलमा सडक दबेको कारण वाहन चालकहरुले भारी समस्या झेल्न पर्‍यो भने यहाँ पनि घन्टौं जाममा फस्न बाध्य बने। आज दिउँसो २ बजे १९ माइल र २० माइलमा पैह्रो सफा गरेर एकतर्फे वाहनहरूको निम्ति सडक सम्पर्क बहाल गर्नमा सक्षम बने पनि जामको समस्या भने समाचार लेखुन्जेलसम्म बनेको थियो। यदि पानी लगातार परिरहे सडक सम्पर्क फेरि विच्छिन्न हुने सम्भावना रहेको छ। अर्कातिर आज छुट्टीको अन्तिम दिन परेको कारण बजारहरूमा वाहनहरुको भारी कमी देखियो। केही यात्रीहरुले आफ्नो गन्तव्य पूरा गर्नको निम्ति दोब्बर भाडासम्म दिन बाध्य बनेको जानकारी यस सम्वाददातालाई दिएका छन। राष्ट्रिय राजमार्ग १० अन्तर्गत रम्फू देखि सिङताम १२ किलोमीटर क्षेत्रमा लगभग १० स्थानमा पैह्रो आउने गरेको छ भने यसको स्थायी समाधान खोज्न नितान्त आवश्यक छ।